# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा
प्रदेश नं. २, सिरहा

Website : www.golbazarmun.gov.np
Gmail : golbazarmun@gmail.com
Phone : 033-540099


प.स. :

मिति : २०७६/१०/०९

## विषय : छोरी शिक्षा बिमा शिविर सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ को मुख्यमन्त्री अभियान अन्तर्गत **"बेटी पढाउ बेटी बचाउ"** कार्यक्रम अनुसार २०७५ माघ १ गते पछि जन्मेका सबै बालिका (बेटी) हरुको शिक्षा बिमा कार्य गर्न शिविर संचालन हुने भएकोले देहाय बमोजिमको मिति, समय र स्थानमा तपशिल बमोजिमको कागजातहरु संलग्न गरी शिक्षा बिमा कार्य गराउनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय :**

| सि.नं. | मिति | सहभागी हुने वडाहरु | समय | स्थान |
|---|---|---|---|---|
| १ | २०७६/१०/२१ | वडा नं. ७, ८, ९ र १० | १०:०० देखि ५:०० बजे सम्म | ज.नमुना मा.वि. चन्द्रलालपुर, चोहर्वा (गोलबजार -८) |
| २ | २०७६/१०/२२ | वडा नं. १, २, ३, ४ र ६ | १०:०० देखि ५:०० बजे सम्म | गोलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गोलबजार |
| ३ | २०७६/१०/२३ | वडा नं. ५, ११, १२ र १३ | १०:०० देखि ५:०० बजे सम्म | आधारभूत विद्यालय जयनगर धोक्रे, गोलबजार - १२ |

**तपसिल :**

**आवश्यक कागजातहरु :**

१. बालिकाको जन्म दर्ता प्रमाणपत्रको वडा कार्यालयबाट प्रमाणित प्रतिलिपी २ प्रति ।

२. बुवा वा आमा (निवेदक) को नागरिकताको प्रमाणित प्रतिलिपी २ प्रति ।

३. बालिका र निवदक दुवै जनाको ६-६ प्रति PP Size फोटो ।

४. छोरी शिक्षा बिमा कार्यक्रममा सहभागी गराईदिने व्यहोराको वडाको सिफारिस ।

५. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि २ प्रति, संरक्षक ग्रहण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ प्रति ।

६. वैकल्पिक स्याहारमा रहेको बालिकाको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि २ प्रति, संरक्षक ग्रहण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ प्रति ।

***नोट : वडा कार्यालयको सिफारिस तथा जन्म दर्ता प्रमाणपत्र नलिएको बालिकाको सिफारिस तथा जन्म दर्ता प्रमाणपत्र शिविर संचालन हुने स्थानमा नै गर्ने व्यवस्था समेत गरिने हुँदा आवश्यक प्रमाणपत्रहरु साथमा ल्याउनु पर्नेछ ।***

.........................